९७

राष्ट्रिय सूचना आयोग २०६५

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. ९८/२०७०/०७१

नेपाल दुरसञ्चार कर्मचारी संघ केन्द्रीय समितिका सचिव रामदत्त पन्त ..............................१ पुनरावेदक

**विरूद्ध**

प्रमुख, वाग्मती अंचल श्रम कार्यालय टेकु, काठमाडौं ..................................................१ विपक्षी

**विषय :- सूचना उपलब्ध गराई पाउँ ।**

नेपाल दुरसञ्चार कर्मचारी संघ केन्द्रीय समितिका सचिव रामदत्त पन्तले वाग्मती अंचल श्रम कार्यालय टेकु, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।०६।१ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७०।०६।०१ को आदेश बमोजिम पुनरावेदकलाई सूचना उपलब्ध गराई आदेश कार्यान्वयन गर्न लेखी पठाइएकोमा उक्त सूचना पाएको जानकारी निवेदकले फोन मार्फत दिएको । यस वीचको लामो समयको अन्तरालमा पनि पुनरावेदकले सूचना नपाएको भनी पुनः उजुरी नगरेको । साथै पुनरावेदकले सूचना नपाएको भए सोही व्यहोराको निवेदन/पुनरावेदर्न गरेमा अग्रिम कारवाही गर्न सकिने नै हुँदा हाललाई यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्नू । यसको जानकारी निवेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल वैशाख १७ गते रोज ५ शुभम् ।